"सिरीजङ्गाको गौरव, कञ्चनजङ्घा"
# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्याः २०७८।०७९ (सामान्य प्रशासन शाखा)
च. नं. ८२२

मितिः २०७८।०९।१६

विषयः विशेषज्ञ सेवा सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने सूचना।

प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिकाको आयोजना तथा श्री नोबेल मेडिकल कलेज, विराटनगरको प्राविधिक सहयोगमा यही **मिति २०७८ साल पौष २१ गते बुधबारदेखी ऐ. २२ गते विहीबारसम्म जम्मा दुई** दिनसम्म **प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकको** हाताभित्र देहायमा उल्लिखित विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकाले गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित रोगका विरामी नागरिकहरुले उक्त शिविरबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य सेवा लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

शिविरबाट उपलब्ध हुने स्वास्थ्य सेवाहरुः

क. जेनेरल मेडिसिन विशेषज्ञ सेवा (मुटु रोग विशेषज्ञ समेत),
ख. स्त्री तथा प्रसुती रोग विशेषज्ञ सेवा,
ग. हाडजोर्नी तथा नशारोग विशेषज्ञ सेवा,
घ. नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा,
ङ. यौन तथा छाला रोग विशेषज्ञ सेवा,
च. आँखा रोग विशेषज्ञ सेवा,
छ. रेडियोलोजी सेवा,
ज. बाल रोग विशेषज्ञ सेवा,
झ. दन्त रोग विशेषज्ञ सेवा।

पुनश्चः गाउँपालिका क्षेत्रभित्रका सबै वडा समिति, टोल विकास संस्थाहरुले उपरोक्त बमोजिम सञ्चालन हुने विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविरमा आ/आफ्नो क्षेत्रका स्थानीयवासीहरुलाई बेलैमा सुसूचित गरी दिनु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

२०७८।०९।१६

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत